# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ४ | संख्या ६ | मिति-२०७७०७२१ |
|---|---|---|

भाग २

रावा बेसी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा बेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

## रावा बेसी गाउँपालिका गाउँ कार्यपालिकाका गाउँ प्रहरी नियमावली २०७५

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

प्रस्तावनाः गाउँवासीका गाउँलाई स्वच्छ र सफा राख्न चाहना प्रति गाउँका सुरक्षा व्यवस्था समेत सुदृढ तुल्याउँदै नागरिकका स्वच्छ वातावरणमा वाच्न पाउन हकका प्रचलन र जीउधनको सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकोले नेपालको संविधान धारा २७६ अनुसूचि ८ ल दिएका अधिकार प्रयोग गरी रावा बेसी गाउँपालिकाका गाउँ कार्यपालिकाबाट गाउँ प्रहरी नियमावली-२०७५ बनाई लागु गरिएको छ ।

नियमावलीका नामः

(१) यो नियमावलीका नाम "गाउँ प्रहरी नियमावली २०७५" रहको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

परिभाषाः

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क. "गाउँ प्रहरी" भन्नाले रावा बेसी गाउँपालिकाबाट यस नियमावली बमोजिम नियक्त भएका गाउँ प्रहरीलाई संझनु पर्दछ ।

ख. "प्रमुख" भन्नाले रावा बेसी गाउँपालिकाका गाउँ प्रमुखलाई संझनु पर्दछ ।

ग. "प्रमुख पर्शासकीय अधिकृत" भन्नाले रावा बेसी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउदछ ।

घ. "कार्यालय" भन्नाले रावा बेसी गाउँपालिकाका कार्यालय संझनु पर्दछ ।

ङ. "पदपुति समिति" भन्नाले गाउँपालिकाका पदपुर्ति समितिलाई संझनु पर्दछ ।

गाउँ प्रहरी समुह गठनः

(३) रावा बेसी गाउँपालिकाबाट देहाय बमोजिमका गाउँ प्रहरी समुह गठन गरी आवश्यकता अनुसार देहायका पद सृजना गरी पदपुर्ति गर्न सकिनेछ ।

क. गाउँ प्रहरी अधिकृत स्तर छटौ तह
ख. गाउँ प्रहरी सहायक स्तर पाचौ तह
ग. गाउँ प्रहरी सहायकस्तर चौथो तह (हवल्दार)
घ. गाउँ प्रहरी जवान

(४) पदपुर्ती सम्वन्धी व्यवस्थाः

(१) रावा बेसी गाउँपालिकाबाट तोकिए बमोजिम गाउँ प्रहरीका आवश्यक दरवन्दी सिर्जना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सिर्जना भएका पदका पदपुर्ति गर्न

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

कार्यपालिकाबाट पदपुर्ति समक्ष सिफारिस गरिनेछ ।

(५) (१) गाउँ प्रहरीका आवश्यक योग्यता

क. गाउँ प्रहरी अधिकृत छटौ तहका लागी कुनै विषयमा स्नातक तह उतिण गरी सेना वा प्रहरीमा अधिकृत स्तरका सेवाबाट निवृत्ति भएका वा उपदान लिएर राजिनामा गरेका वा राजिनामा गरेका वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४० वर्ष उमेर ननाघेका ।

ख. गाउँ प्रहरी पाचौ तहका लागी कुनै विषयमा +२ उतीण गरी सो विषयमा तालिम प्राप्त गरी ४० वर्ष उमेर ननाघेका ।

ग. गाउँ प्रहरी सहायक चौथो तह (हवल्दार) का लागि कुनै विषयमा माध्यामिक शिक्षा उत्तिण गरी ४० वर्ष ननाघेका ।

घ. गाउँ प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उतीर्ण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेका ।

(२) उपदफा(१) को प्रकरण न. क, ख बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एव नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका वा राजिनामा गरेका व्यक्तिहरुलाई पहिला प्राथमिकता दिईने छ ।

(६) दफा ५.१ (क,ख,ग र घ) बमोजिमका गाउँ प्रहरीका नियुक्ति गर्दा पदपुर्ति समितिका सिफारिसमा प्रमुख पर्शासकीय अधिकृतले नियुक्ती दिनेछन ।

(७) पदपुर्ती समितिको गठनः

गाउँ कार्यपालिकाका वैठकले गाउँ प्रहरी पदपुर्ती समितिका गठनगर्न सक्नेछ ।

तर पदपुर्ती समिति गठन हुन नसकेको स्थानीय सेवा ऐनमा रहेका पदपुर्ती समितिले नै गाउँ प्रहरी पदपुर्ती समितिको कार्य गर्न सक्नेछ ।

(८) पदपुर्ती समितिका काम, कतव्य र अधिकारः

(१) पदपुर्ति समितिका काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

क. खुल्ला प्रतियागिता द्धारा पुर्ति हुने पदका पाठयक्रम निर्धारण गर्ने,

ख. पदपुर्ति कार्यतालिका बनाउने,

ग. परिक्षाका किसिम रात्रे,

घ. पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्ने,

ङ. परिक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

च. नियुक्तिका लागी सिफारिस गर्ने,

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

(२) पदपुर्ति समितिले गाउँ प्रहरी सेवामा खुला प्रतियागिताद्धारा स्थायी पदपुर्ति गर्ने सम्बन्धमा लोक सेवा आयोगका राय अनुसार आवश्यकता अनुसार कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

(९) विज्ञापन सम्वन्धी व्यवस्थाः

(१) पदपुर्ति समितिले पदपुर्तिका लागी विज्ञापन प्रकाशन गर्दा पत्रिकामा कम्तिमा १५ दिनको स्याद दिई देहायका विषय समेत खुलाई

प्रतियोगिताका लागी विज्ञापन प्रकाशन गर्न पर्नेछः

क. पदको नाम,

ख. आवश्यक संख्या (खुला र समावेशी अलग अलग देखिन गरी)

ग. दरखास्त दिन अन्तिम मिति र स्थान

घ. दरखास्त दस्तुर,

ङ. परिक्षा दस्तुर,

च. आवयक न्युनतम शैक्षिक योग्यता,

छ. पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु

ज. सम्पक मिति र स्थान,

झ. परिक्षाका तरिकाहरु,

ञ. अन्य शर्तहरु

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागी समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन ।

(३) उपनियम(२) बमोजिम दरखास्त पेश गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समुहका पदका लागी परिक्षा दस्तुरका थप ५०प्रतिशत रकम दस्तुर बुझाउन पर्नेछ ।

(४) उपनियम(१) बमोजिम प्रकाशित विज्ञापनमा उमेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परिक्षाद्धारा पुर्ति हुने पदका लागी र्धारित दरखास्त फाराम भरी परिक्षा दस्तुर सहित विज्ञापनमा तोकिएका स्थान र समयमा बुझाउन पर्नेछ ।

(५) पदपुर्ति समितिबाट विज्ञापन प्रकाशित भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परिक्षाका नतिजा प्रकाशन हुनभन्दा अगावै

सो पदपुर्ति समितिले सार्वजनिक रुपमा सुचना प्रकाशन गरी सोही विज्ञापनमा संख्या समेत थप गर्न सक्नेछ ।

(१०) उम्मेदवारका दरखास्त फाराम र प्रवेशपत्रका ढाँचा ०:

रेख बहादुर
प्रमुख प्रशासकिय अधिकृत

(१) उमेदवारका दरखास्त फाराम र प्रवेशपत्रका ढाचा अनुसूचि १, अनुसूचि २ बमोजिम हुनेछ ।

(२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेश गरेमा गाउँपालिकाले तोकेको दस्तुर लिई प्रवेशपत्रका प्रतिलिपि उपलब्ध गराई परिक्षामा सामेल गराउन सक्नेछ ।

(११) अन्तर्वार्ता समितिको गठनः पदपुर्ति समितिले एकजना अध्यक्ष र २ जना सम्बन्धित विषयका दक्ष वा विशषज्ञ समत गरी कम्तिमा तिन जना सदस्य रहेको अन्तर्वार्ता समिति गठन गर्न सक्नेछ ।

(१२) अन्तिम नतिजा प्रकाशनः

(१) पदपुर्ति समितिले छनौट सम्बन्धि सम्पुर्ण पक्रिया सम्पन्न भएपछि सबभन्दा बढी अक प्राप्त गर्ने उमेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नपर्नेछ ।

(२) उपनियम(१) बमोजिम नतिजा प्रकाशन गर्दा उमेदवार उपलब्ध भएसम्म रिक्त पदका पन्ध प्रतिशत वा घटिमा दुई जना योग्यताक्रम अनुसार वकल्पिक उमेदवारका सुचि समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) नियक्तीका लागि सिफारिस भएका उम्मेदवार तोकिएका समयभित्र नियुक्ती लिन नआएमा वा त्यस्ता पदमा नियक्त भएका ६ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारका काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारका सुचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्ती गर्न सकिनेछ ।

१३. नियक्ती सम्बन्धी व्यवस्थाः

दफा १२ (२) र (३) वमोजिम पदपुर्ति समितिबाट सुची प्रकाशन भई सिफारिस भएका गाउँ प्रहरीलाई गाउँपालिकाले नियुक्ती दिन पर्नेछ ।

१४. गाउँ प्रहरीका सेवा सुविधा, सेवाका शर्त, सेवा अवधी, जिम्मवारी, आचरण, विभागीय कारवाही र सजाय सम्बन्धि व्यवस्था गाउँपालिकाले तोक वमोजिम हुनेछ ।

१५. नियमावली मा आबश्यक संशोधन तथा थपघट गर्नपर्ने भएमा गाउँ कार्यपालिकाले संशोधन तथा थपघट गर्न सक्नेछ ।

रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची –१

श्री................................

..........................................

त्यस कार्यालयबाट मिति..........................मा प्रकाशित विज्ञापन अनुसार म.......................................... पदमा नोकरी गर्न अभिलाषा लिई निवेदन गर्न आएको छु ।

नाम, थर .......................................... जन्म मिति .......................................... जन्म स्थान ..............................................

१. शैक्षिक योग्यता.

२. पेशाः ..................................

३. बावुका नामः.............................

बाजका नाम ...................................

नागरिकता .............................

माथि लखिएका विवरण ठिक साचो छ । झुठ्ठा ठहरे कानुन वमोजिम सहुला वुझाउला ।

दाया वाया

मितिः

निवदकको हस्ताक्षर

द्रष्टव्यः माथि लखिएका देखि वाहेक अन्य कुरा खुलाउन परेमा छुट्टै पानामा लेखी आवेदन साथ पासपोट साईजको हालसालै खिचिएका तस्वीर यस साथ समावेश गर्न

पर्नेछ ।

विभागीय उम्मेदवारका लागि मात्रः (क) हाल कार्यरत दर्जा

(ख) दरवन्दी

द्रष्टव्यः दरखास्त साथ विज्ञापनमा उल्लेख भएका अतिरिक्त देहायका कागजपत्र समेत अनिवार्य रुपमा प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताका पतिलिपी

(२) विज्ञापन भएका पदका लागि तोकिएका न्युनतम शैक्षिक योग्यताका प्रमाण पत्र र चारित्रीक प्रमाण पत्रका पतिलिपी

(३) सम्वन्धित व्यवसायिक परिषदमा नाम दर्ता हुनु पर्ने पदका लागि परिषदमा दर्ता भएका प्रमाण पत्रका प्रतिलिपी

रेख बहादुर
प्रमुख प्रशासकिय अधिकृत

अनुसची २

गाउँ प्रहरी ..................... पदका खुल्ला प्रतियोगिता परिक्षाका लागि

(क) विज्ञापन मितिः

(ख) विज्ञापन न.ः

(ग) दर्ता नम्वर

(घ) नाम, थरः

(ङ) उमेरः

(च) श्रेणी, तहः

भर्ना छनौट शाखाका सम्वन्धित कर्मचारीले भर्नेः

यस कार्यालयबाट लिईने उक्त पदका परीक्षामा तपाईलाई उक्त केन्द्रबाट सम्मिलित हुन अनुमती दिईएको छ । विज्ञापनमा तोकिएका शर्त नपुगेको ठहर भएमा जनसुकै अवस्थामा पनि यो अनुमती रद्द हुन सक्नेछ । परीक्षा केन्दः नैतिक पतन देखिन फौज्दारी अभियोगमा सजाय पाए नपाएका मैले यस अघि गाउँ प्रहरीमा जागिर गरेका छ/छैन । छ भने छोडेको

मितिः दर्जा.................................,

छाड्नुका कारण.........................................................,..........

ठेगानाः

(क) स्थायी

(ख) अस्थायी

(ग) सम्पर्क न.

(ई) मेल ठेगाना

प्रमाणीकरण मिति २०७७/०७/२१

आज्ञाले,

रेख बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत